## लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

### लहान नगरपालिकाको क्षेत्रभित्र पर्ने बलान र खुट्टी नदीको विभिन्न खण्डबाट ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट तथा नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्ने प्रयोजनको लागि गरिने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन सम्बन्धी

# सार्वजनिक सूचना।

*सूचना प्रकाशित मितिः-२०७५।०४।०३*

**प्रस्तावकको नामः-** लहान नगरकार्यपालिकाको कार्यालय, लहान।

**प्रस्तावको नामः-** लहान नगरपालिकाको क्षेत्रभित्र पर्ने बलान र खुट्टी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट तथा नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन।

**प्रस्तावको व्यहोराः-** वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४(पहिलो संसोधन) को अनुसूची १(इ) खानी क्षेत्र शिर्षक अन्तर्गत लहान नगरपालिकाको क्षेत्रमा पर्ने बलान र खुट्टी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट तथा नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्ने प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण(IEE) अध्ययन गर्ने सिलसिलामा निम्न क्षेत्रसँग सम्बन्धित सवालहरुका बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनुपर्ने भएकोले सोही नियमावलीको नियम ४ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट तथा नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन कार्य प्रयोजनको लागि उत्खनन् तथा संकलन गरिने बलान र खुट्टी नदीको विभिन्न खण्ड, त्यहाँबाट संकलन हुने परिमाण तथा प्रभाव पर्न सक्ने क्षेत्रहरु निम्नानुसार पर्दछन्।

**निम्नानुसारः-**

| क्र. सं. | संकलन/उत्खनन् स्थान र खण्ड | अनुमानित परिमाण | प्रभाव पर्न सक्ने वडाहरु |
|---|---|---|---|
| १. | खुट्टी खोला तथा यसका शाखाहरु | दैनिक २५० घ.मि. | लहान न.पा. वडा नं.४, ५, ६, ९, १०, १४, १५, १८ |
| २. | बलान खोला | दैनिक २५० घ.मि. | लहान न.पा. वडा नं.३, ४, १६, १७, १९, २३ |

यो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गराउने सिलसिलामा आयोजना प्रभावित क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आवश्यक छ। यस सम्बन्धमा उक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव बारे प्रस्ताव क्षेत्रको वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सम्बन्धित अन्य निकाय तथा प्रस्तावबाट प्रभाव पर्न सक्ने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५(पन्ध्र) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउन सकिने ठेगानाः-**

**प्रस्तावकः-** लहान नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा।
(फोन नं.०३३-५६०१३८, ५६०१३९)
E-mail:-info@lahanmun.gov.np

**परामर्शदाताको तर्फबाटः**
B & B Engineering Consultancy Pvt. Ltd.
मध्य बानेश्वर, काठमाडौं।

*श्री सूचना प्रविधि शाखा,*
*प्रस्तुत सूचना वेभसाईटमा अपलोड गर्नुहुन।*

Scanned by CamScanner